अन्तिम लेखापरीक्षण प्रतिवेदन

खार्पुनाथ गाउँपालिका
हुम्ला

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

खार्पुनाथ गाउँपालिका

हुम्ला

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

खार्पुनाथ गाउँपालिका

हुम्ला

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्रयाई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/[illegible], काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ४३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

खार्पुनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

खार्पुनाथ, हुम्ला ।

१. **कैफियत सहितको राय** – हामीले खार्पुनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.९३ लाख ७२ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु.२ लाख ३१ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२२ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४७ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु. ११ लाख ८२ हजार र पेश्की बाँकी रु. ८ लाख ९५ हजार समेत रु. ९१ लाख ४१ हजार रहेको छ ।खार्पुनाथ गाउँपालिकाको गतवर्ष सम्म रु.५ करोड ९३ लाख ५८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.६ करोड ५६ लाख ३३ हजार

रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

खार्पुनाथ गाउँपालिका,

हुम्ला जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४८	६१	९३७२	०	८	२३१	४८	५३	९१४१	२२८१	११८२	४७८३	०	०	५९६५	८९५

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु.हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
खार्पुनाथ गाउँपालिका,हुम्ला	५९३५८	०	२८६६	५६४९२	०	९१४१	६५६३३

३. बेरुजु सम्परीक्षणको विवरण

(रु.हजारमा)

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)	६०	प्रति विद्यार्थी अनुदान असुली	५
		६१	कार्यसम्पादनमा आधारित अनुदान असुली	५७
		६३	दिवा खाजा असुली	१६९
	चालु वर्षको जम्मा			**२३१**
	गत विगत वर्षतर्फको			
	२०७८।७९	नाम्स प्रणालीमा उल्लेख भएबमोजिम	नाम्स प्रणालीमा उल्लेख भएबमोजिम	२८६६
	२०७७।७८	-	-	-
	२०७६।७७	-	-	-
	गत विगतको जम्मा			**२८६६**
	कुल जम्मा			**३०९७**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय तह उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्द सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु लगायतका व्यवस्थापनमा उल्लेख भए अनुसार हुने ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२० देखि २०८०।६।२० सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार समेत जम्मा रु. ९५,७०,१५,५९३/८८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा विभिन्न प्रकारको कर वापतको रु.५२,८८,३९७/५ असुल भइ दाखिला गरेको प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

स्थानीय संचित कोष -स्थानीय संचित कोष- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		२२८४०५१७.२२	१	खर्च		४१३७८९०३८.३१
	क) धरौटी मौज्दात	८२८८४७९.६९			क) चालु खर्च	२४३५३६४००.९८	
	ख) बैंङ्क मौज्दात	१३०६०५८०.०३			ख) पूँजीगत खर्च	१७०२५२६३७.३३	
	ग) प्रकोप व्यवस्थापन	१९२२४३.		२	विषयगत खर्च		४६२८२०००
	घ) विविध खर्च खाता	१२९९२१४.५			क) सामाजिक सुरक्षा तथा संरक्षण	४३२३००००	
२	राजस्व (आन्तरिक आय)		६२१९००६६.५२		ख) आन्तरिक मामिला तथा कानून मन्त्रालय	५५२०००	

	क) आन्तरिक राजस्व	१०७६५८७.			ग) सामाजिक विकास मन्त्रालय	२५०००००	
	ख) राजस्व बाँडफाँड	६०८०१७९९.८५		३	विविध खर्च खाताबाट खर्च	१४०९२३७१.८५	१४०९२३७१.८५
	ग) राजस्व बाँडफाँड प्रदेश	३११६७९.६७		४	प्रकोप व्यवस्थापन खाताबाट खर्च	१९२२४३	१९२२४३
३	वित्तिय हस्तान्तरण संघ		२५४२५०९५२	५	प्रदेश शसर्त अनुदान फिर्ता	२००००१७	२००००१७.२७
	क) वित्तिय समानीकरण अनुदान	६७७१००००		६	संघीय शसर्त अनुदान फिर्ता	९६२१५१.८२	९६२१५१.८२
	ख) सशर्त अनुदान	१८३२५४०००		७	धरौटी फिर्ता	५१३८२७०	५१३८२७०.०१
	ग) विशेष अनुदान	३२८६९५२		८	मौज्दात		१४९४३९२६.५८
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		९६४५०५१७		क) स्थानीय सञ्चित कोष खाता	९१३६९१२	

	क) वित्तिय समानीकरण अनुदान	६४१४०००			ख) धरौटी खाता	५५९७८४७.६८	
	ख) सशर्त अनुदान	८४०४००००		९	ग) विविध खर्च खाता	१७७९२३.९	
	ग) विशेष अनुदान	५९९६५१७		१०	घ) प्रकोप व्यवस्थापन खाता	३१२४३	
५	विषयगत निकायबाट प्राप्त		४६२८२०००				
	क) सामाजिक सुरक्षा तथा संरक्षण	४३२३००००					
	ख) आन्तरिक मामिला तथा कानून मन्त्रालय	५५२०००.					
	ग) सामाजिक विकास मन्त्रालय	२५०००००					

६	विविध खर्च खातामा प्राप्त	१२९३८३२८.१	१२९३८३२८.१				
७	धरौटी आय	२४४७६३८.	२४४७६३८.				
जम्मा		४९७४०००१८.८४	४९७४०००१८.८४		जम्मा	४९७४०००१८.८४	४९७४०००१८.८४

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ४,३२,३०,०००/-, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ५,५२,०००/- र सामाजिक विकास मन्त्रालयको रु. २५,००,०००/-, समेत रु. ४,६२,८२,००० /- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **फरक हिसाब-**यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. (३३,१०,९८४/२५), यस वर्षको प्राप्ति रु. ४,९६,९०,९०१/३४ र यस वर्षको भुक्तानी रु. ४,६५,६१,४१२/०९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति (आय)	यसवर्षको भुक्तानी (व्यय)	बैङ्क मौज्दात
एकीकृत आर्थिक विवरण अनुसार	२२८४०५१७/२२	४७४५५९५०१/६२	४८२४५६०९२/२६	१४९४३९२६/५८

सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	२६१५१५०१/४७	४२४८६८६००/२८	४३५८९४६८०/१७	१४९४३९२६/५८
फरक	**(३३१०९८४/२५)**	४९६९०९०१/३४	४६५६१४१२/०९	-

६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९ असार १० मा रु. ४५ करोड ४० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९ असार २८ मा पारित भएको छ । अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७९ असार २८ मा खर्च गर्ने अख्तियारी दिएको छ ।खर्च गर्ने अख्तियारी ढिलो गरी दिँदा ठेक्का व्यवस्थापन लगायतका विकास निर्माणका कार्यहरु समयमै सम्पन्न हुन नसकी समग्र आयोजनाको लागत बढ्न गई स्रोत व्यवस्थापनमा दवाव बढन जाने भएकोले ऐनमा भएको व्यवस्थाको पूर्णपालना गरिनुपर्दछ ।

७ **खर्च विश्लेषण-** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १०,७६,५८७ /- राजस्व बाँडफाँट रु. ६,११,१३,४७८ /- र अनुदानबाट रु. ३४,७७,३९,२९९/- समेत रु. ४०,९९,२९,३६४/- आम्दानी भएकोमा चालु तर्फ रु. २४,३५,३६,४००/९८ र पूँजिगत तर्फ रु. १७,०२,५२,६३७/३३ समेत रु. ४१,३७,८९,०३८/३१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.२६ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ६७ लाख ५० हजार खर्च भएको छ जुन आन्तरिक आयको ६३३ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ५९ प्रतिशत चालु र ४१ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **योजना तथा बजेट कार्यान्वयन** -यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १७ करोड २ लाख ५३ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. ५१ लाख २३ हजार, दोश्रो त्रैमासिकमा रु. ३ करोड १२ लाख १३ हजार तेस्रो त्रैमासिकमा रु. २ करोड ३४ लाख ८ हजार, चौथो त्रैमासिकमा रु. ११ करोड ५ लाख ८ हजार र असार महिनामा मात्रै रु. १० करोड १२ लाख ७४ हजार भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले यो वर्ष अन्तरसरकारी वित्तीय हस्तान्तरण समेन रु. १७ करोड २ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्च स्थिति** -स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९/८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च (प्रतिशतमा)
आर्थिक विकास	५१४५०००००	३७२८१४९२	९
सामाजिक क्षेत्र	२०५३८१०००	२००४३१८१३.९१	४८.४४
पूर्वाधार विकास क्षेत्र	११२३७३०८६.०३	८५५९५८५६.५२	२०.६८
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२७३२४०००	२४४६१७६४	५.९३
कार्य सञ्चालन तथा प्रशासनिक	७०४८९१६९.८२	६६०१८१११.८८	१५.९५
जम्मा	**४६७०१७२५५.८५**	**४१३७८९०३८.३१**	**१००**

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ५.९३ देखी ४८.४४ प्रतिशत सम्म खर्च भएको छ ।

१० **योजनाको प्राथमिकीकरण**-स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार १२६ योजनामा वजेट विनियोजन गरेको छ। पालिकाले यो वर्ष न्यूनत्तम १ लाख देखी अधिकतम ९५ लाख सम्मका योजना सञ्चालन गरेको देखिन्छ ।

रु. १ लाख सम्म	रु. १ लाख देखि २ लाखसम्म	रु. २ लाखदेखि ५ लाखसम्मका	रु. ५लाख देखि १० लाखसम्मका	रु. १० लाख देखी ५० लाख सम्म	रु.५० लाख भन्दा बढी	जम्मा
२७	१८	२४	११	४०	६	१२६

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

११ **बजेट तथा कार्यक्रम तर्जुमा** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१२ **बजेट सीमा निर्धारण समिति**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत : बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धीनियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१३ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१४ **वार्षिक प्रतिवेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१५ **आन्तरिक नियन्त्रण व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत जना कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. ७ लाख ४० हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. लाख हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• सबै संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६ **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र

मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले हालसम्म तयार पारेका कानुन निर्देशिका, कार्यविधि र मापदण्डको विवरण प्राप्त भएन । पालिकाले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१७ **सेवा प्रवाह विवरण** - पालिकाबाट यो वर्ष प्रदान गरिकएका सेवा प्रवाहको विवरण उपलब्ध भएन । जन्म दर्ता, मृत्यु दर्ता, बसाइँसराइ, विवाह दर्ता, सम्बन्ध विच्छेद, घर नक्सा पास लगायतका कार्यहरुको विवरण अद्यावधिक गरी राख्नु पर्दछ ।

१८ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस कोषको स्थापना नै गरेको देखिएन। ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

१९ **ऐनको कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो। गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन। यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

२० **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यसतै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष न्यायिक समितिमा वटा मुद्दा दर्ता भई फर्छ्यौट भएको विवरण प्राप्त भएको छ भने न्यायिक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत : ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

२१ **कर्मचारी दरवन्दी र पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । वडा कार्यलय सहित पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म संघबाट समायोजन भई आएको २ जना, साविक स्थानीय निकायमा कार्यरत १० जना र करारमा ६ जना गरी १८ जनाको पदपूर्ति भएको र १८ जना रिक्त रहेको प्राप्त विवरणबाट देखिन्छ । विषयगत कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पुर्ति नहुँदा कार्य सम्पादनमा असर परेको देखिन्छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

	स्वीकृत पद	संख्या	पदपूर्ति(आषाढ मसान्तको स्थिति)	रिक्त पद

क्र.स			संघबाट समायोजन	साविक स्थानीयमा कार्यरत	आन्तरिक पदपूर्ति	करारबाट	
१	प्रमुख प्रशसकीय अधिकृत	१	१	-	-	-	-
२	ईन्जनियर	१	-	-	-	१	-
३	शिक्षा अधिकृत	१	-	-	-	-	१
४	लेखा अधिकृत	१	-	-	-	-	१
५	अधिकृत छैठौं	२	-	१	-	-	१
६	सहायक पाँचौ	४	-	१	-	-	३
७	आन्तरिक लेखा परिक्षक	१	-	१	-	-	-
८	लेखा सहायक	१	-	१	-	-	-
९	कम्प्युटर अप्रेटर	१	-	१	-	-	
१०	प्रा.स.	१	-	-	-	-	१
११	सव ईन्जिनियर	१	-	-	-	१	-
१२	हे.अ.	१	१	-	-	-	-
१३	अ.सव ईन्जिनियर	१	-	-	-	१	-
१४	स.महिला विकास निरिक्षक	१	-	१	-	-	-
१५	खा.प.स.टे	१	-	१	-	-	-
जम्मा		१९	२	७	०	३	७
वडागत दरवन्दि							
१	सहायक पाँचौ	२	-	-	-	-	२
२	सव ईन्जिनियर	२	-	२	-	-	-
३	सहायक चौथो	३	-	१	-	-	२
४	अ.सव.ईन्जनियर	३	-	-	-	३	-
जम्मा		१०	०	३	०	३	४
कुल जम्मा		२९	२	१०	०	६	११

२२ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत रु.७,२२,८०,६०४/- र पालिकाका चालुतर्फ रु.१,६३,५०,००० /- गरी रु.८,८६,३०,६०४/- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२३ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी कितावमा सात दिनभित्र आम्दानी बांधि लगत अद्यावधिक गर्नु, गराउनुपर्ने व्यवस्था छ ।कार्यालयले कार्यालयमा रहेका, आर्थिक वर्ष भित्र खरिद भएका, कुनै प्रकारले हस्तान्तरण भई आएका, भुतपुर्व पदाधिकारी, अवकाश प्राप्त वा सरुवा भई गएका कर्मचारीहरुले बरबुझारथ गरेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट, सवारी साधन र अन्य फर्निचर जस्ता जिन्सी सामानहरु आम्दानी बांधि लगत अद्यावधिक गरेको देखिएन । यसरी जिन्सी मालसामानको लगत अद्यावधिक नगर्दा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा कार्यालयमा प्राप्त भएका जिन्सी मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ।

२४ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले जन्सी निरीक्षण गरी प्रतिवेदन तयार पारेको देखिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२५ **कर तथा शुल्क असूली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२६ **राजस्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ

। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

२७ **राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जिम्मेबार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिकाका पञ्जिकरण शाखा प्रमुख बिर्ख रावलले ३ ठेली (२०१ देखी २५० सम्म, १५५१ देखी १६०० सम्म र १७५१ देखी १८०० सम्म) नगदी रसिद जिम्मा लिएकोमा उक्त नगदी रसिद र सोबाट असुल भएको राजस्व रकम दाखिला गरेको प्रमाण पेश हुन आएन । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन भई निजले जिम्मा लिएको नगदी फिर्ता लिइ सोबाट असुल भएको नगद एकिन गरी दाखिला हुनुपर्दछ ।

२८ **वार्षिक लक्ष्य प्रगति** - कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा स्थानीयतहले सञ्चालन गरेका योजनाहरुको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गरिनुपर्दछ । पालिकाले वार्षिक लक्ष्य तथा प्रगतिको विवरण पेश गरेको छैन । कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

२९ **पेश्की फस्योंट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्योट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहाय अनुसार उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योंट नभई रु. ८,९५,००० /- बाँकी रहेको देखिन्छ । उक्त पेश्कीको फर्छ्यौटको अन्तिम म्याद २०८० असार मसान्तसम्म मात्र रहेको देखिन्छ । फस्योंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्योंट गर्नुपर्ने रु.

मिति	**पेश्की लिनेको नाम**	**प्रयोजन**	**पेश्की रकम**		
			म्याद नाघेको	**म्याद ननाघेको**	**जम्मा**
२०७९/०४/०१	उपभोक्ता समिति	निर्मित भवनको संरचनात्मक सुधार खर्च	१५००००		१५००००
२०७९/०४/०१	उपभोक्ता समिति	दलित बालविकास भवन निर्माण योजना	१५००००		१५००००
२०७९/०४/०१	उपभोक्ता समिति	नवदुर्गा बाल विकास भवन निर्माण	१६००००		१६००००
२०७९/०४/०१	उपभोक्ता समिति	प्युस सामुदायिक भवन निर्माण	२०००००		२०००००
२०७९/०४/०१	उपभोक्ता समिति	बाम्नी माडु निर्माण योजना लाली	७५०००		७५०००
२०७९/०४/०१	उपभोक्ता समिति	मोतिराम प्रा.वि. भवन निर्माण	१६००००		१६००००
जम्मा			**८९५०००**		**८९५०००**

पेश्की	८,९५,०००

३० **खार्पुनाथ शिवालय पर्यटन पूर्वाधार विकास योजना** - मिति २०८०/३/३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी धर्म एस ज्याङचुप जे.भि. सँग मिति २०७८/५/२२ मा रु.४,७८,१५,२०१/- (मूअकर सहित) को खरिद सम्झौता भएकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

३०.१ **विमा -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था रहेकोमा यस निर्माण कार्यका लागी निर्माण व्यवसायीले बिमा गराएको देखिएन । निर्माण कार्यको बिमा नगराउँदा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अतः निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

३०.२ **न्यून प्रगती -** खार्पुनाथ शिवालय पर्यटन पूर्वाधार विकास योजनाको सम्झौताको म्याद २०८० असार मसान्तमा समाप्त भएको छ । गत वर्ष रु.८८,८१,५६६/- र यो वर्ष रु.३९,९९,९९९/- को काम सम्पन्न गरी हालसम्म जम्मा रु. १,२८,८१,५६५/- भुक्तानी भएको छ । सम्झौताको म्याद शतप्रतिशत समाप्त हुँदा सम्म निर्माण कार्य ३२.४३ प्रतिशतमात्र सम्पन्न भएको देखिन्छ । लेखापरीक्षण अवधिसम्म सम्झौताको म्याद थप समेत भएको छैन । खरिद सम्झौताको म्याद थप गरी समयमै निर्माण कार्य सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

३१ बढी दररेट भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नम्र्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारबाट हस्तान्तरित निम्न योजनाको कार्यन्वयनको लागि लागत अनुमान तयार गर्दा स्थानीय स्तरमा उपलब्ध हुन सक्ने निर्माण सामाग्री तथा सामाग्री स्रोत र योजना स्थल बिचको दुरी वढी राखि दर विश्लेषण गरेको कारण निम्न बमोजिम दर फरक परेकोले वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

भौ. नं र मिति	**योजनाको नाम**	**काम**	**परिमाण**	**फरक दर**	**रकम**
१५।०८०।११।२५	गौडा देखि लेख सम्म सडक निर्माण योजना, छिप्रा ४	Dry stone soling- stone collection र site को दुरी ०.४५ हुदा र ०.३५ हुदा दरमा फरक (८९२३-८३२९)	६	५९४	३५६४
		Rubble packing (८९२३-८३२९)	२९४	५९४	१७४६३६
१५।०८०।११।२५	अलुन्धरा देखी ल्वासुरडाडाको गौडाको ग्याविन सडक निर्माण	१२०९ घनमिटर कडा चट्टा खन्ने काम गरेर पनि ग्याविन बक्समा rubble packing गर्दा दर फरक पारेको (५०१८-४४२४)	२७८	५९४	१६५१३२

५३।०८०।०३।२०	गौडा देखि लेख सडक निर्माण योजना, खार्पु ४	१७०२ घनमिटर कडा चट्टा खन्ने काम गरेर पनि ग्याविन बक्समा rubble packing गर्दा दर फरक परेको (५०१८-४४२४)	३८९	५९४	२३१०६६
४०।०८०।०३।१७	गोल लोटे कृषि सडक खार्पुनाथ ४	Dry wall लगाउदा दर फरक परेको (८९३३-३९७५)	१६.५६	४९५८	८२१०४
४०।०८०।०३।१७	कुडे पर्यटकीय पदमार्ग	Dry wall लगाउदा दर फरक परेको (८९३३-३९७५)	१२.०६	४९५८	५९७९३
३६।०८०।०३।१३	हिल्सा डाडा र ल्वाशुरशु डाडा पर्यटकिय पार्क निर्माण खार्पुनाथ ४ हुम्ला	Earth work excavation (BMS soil) को दर फरक परेको (१०३०-८२४)	४८७	२०६	१००३५५
२६।०८०।०३।२२	खार्पुदेखि सालिबानेखोर सम्म सडक स्तरोन्नती वडा नं ५	Rubble packing मा दर फरक परेको (६८००-४४२४)	२५५	२३७६	६०५८८०
	जम्मा				१४२२५३१

असुल गर्नुपर्ने	१४,२२,५३०

३२ **आनुपातिक कट्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानी गर्दा जनसहभागिता अंश कट्टा नगरी भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु.

भौ. नं. र मिति	**कार्यक्रम**	**लागत अनुमान**	**सहभागिता अंश**	**कार्यसम्पन्न**	**बढी भुक्तानी**
१५।०७९।१०।१९	सुरक्षित नागरिक आवास कार्यक्रम	११०५५९१	१०५५९१	१०००००	९५०००
२७।०८०।२।२५	बेउले खोला झोलुंगे पुल निर्माण	७०८३८७२	७२०९९८	२२८३९१८	२२८३९२
७६।०८०।३।४	गुमधारा बाल विकास	१८३८४०	४१३४०	१८०६९०	९९६५
जम्मा		**८३७३३०३**	**८६७९२९**	**२५६४६०८**	**३३३३५७**

असुल गर्नुपर्ने	३,३३,३५७

३३ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाख रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान खरिद कार्य सोझै गर्न सकिने व्यवस्था छ । पालिकाले देहाय बमोजिम रु. ४८,४४,७८८/- को मेशिनरी औजार र फर्निचरहरु टुक्रा टुक्रा गरी सोझै खरिद गरेको छ । प्रतिस्पर्धा छल्ने गरी पटक पटक सोझै खरिद गर्नु उपयुक्त देखिएन । खरिद कानून बमोजिम वार्षिक खरिद योजना तयार गरी राष्ट्रिय स्तरमा बोलपत्र आह्वान गरी यस्ता सामग्री खरिद गर्नु पर्दछ । तोकिएको सीमाभन्दा बढीको खरिद कार्यलाई टुक्रा पारी बारम्बार सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

गो. भौ. र मिति	**कामको विवरण**	**आपुर्तिकर्ता**	**रकम**
४३/२०८०/२/१२	मेशिनरी औजार	टेक वर्ल्ड इन्टरप्राइजेज	४२३८६०
९०/२०८०/३/१९	मेशिनरी औजार	टेक वर्ल्ड इन्टरप्राइजेज	८८००००
९५/२०८०/३/२१	मेशिनरी औजार	टेक वर्ल्ड इन्टरप्राइजेज	१०९६५५०
जम्मा			२४००४१०
९१/२०८०/३/२०	फर्निचर	पदमा फर्निचर उद्योग	११३९३८५
९४/२०८०/३/२१	फर्निचर	पदमा फर्निचर उद्योग	१३०४९९३
जम्मा			२४४३७८
कुल जम्मा			४८४४७८८

३४ **खरिद व्यवस्थापन** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ। यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. करोड लाख हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

३५ **निर्माण कार्यको गुणस्तर** - उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्नै, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न

निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

३६ **हेभी मेशिनको प्रयोग** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियर्यम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर,रोलर,डोजर,ग्रेडर, विटुमिन डिस्ट्रिब्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था छ । तर पालिकाले लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको तथा हेभी मेसिन प्रयोग गर्न सार्वजनिक निकायले सहमति समेत नदिएको अवस्थामा समेत हेभी मेसिन प्रयोग गरी कार्य गराएको देखिन्छ । नियममा भएको व्यवस्था वेगर उपभोक्ता समिति मार्फत कार्य गरउँदा हेभी इक्युपमेन्टको प्रयोग गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

३७ **पेश्की रकमको विवरण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिका बाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

३८ **नापजाँच विना भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । निम्नानुसारको कार्यमा भएको बढी भुक्तानी असूल हुनुपर्दछ ।

३८.१ (५१-२०८०-२-३१) पालिकाले च्यागमाना स्याउ घेरावारा गर्ने कार्यमा जग नै नखनी जमिनमाथीबाट सुख्खा पर्खाल लगाएकोमा प्राविधिक बिलमा १४.६३ घमि जग खन्ने कार्य गरेको देखाइ प्रति घन मिटर रु. ८२४/- का दरले रु. १२,०५५/- भुक्तानी गरेको छ । वास्तविकरुपमा सम्पन्न नगरेको कार्यका लागी भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१२,०५५

३८.२ (६३-२०८०-३-७) पालिकाले गुम्जी देखी वैनेटासम्म बाटो निर्माण गर्ने कार्य वापत रु. ३,३०,३३९/- को प्राविधिक बिल बनाई भुक्तानी गरेकोमा साइट क्लियरेन्स र माटो खन्ने कार्य मात्र गरेको अवस्थामा ४१.६३ घन मिटर ढुङ्गाको काम गरेको देखाइ उक्त कार्य वापत प्रति घन मिटर रु. ७,७२०/- का दरले रु. १,१२,९०६/- भुक्तानी गरेको देखिन्छ । सम्पन्न नभएको ढुङ्गाको काम वापतको रु. १,१२,९०६/- मध्ये १० प्रतिशत उपभोक्ताको अंश रु. ११,२९०/- कट्टा गरी बाँकी रकम रु. १,०१,६१६/- असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,०१,६१६

३९ **मालसामानको निरीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपुर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विद्युत पोल खरिदका लागी रु.९०,००,०००/- को लागत अनुमान स्वीकृत गरी आपुर्तिकर्ता डाइनामिक कन्स्ट्रक्सनसँग मिति २०८०/३/१९ सम्म विद्युत पोल आपुर्ति गर्ने गरी मिति २०७९/८/२७ मा रु. ७९,४५,३०७/- को खरिद सम्झौता गरेकोमा आपुर्तिकर्ताले मिति २०८०/३/१९ मा नै विद्युत पोल आपुर्ति गरी रु. ८९,७८,१९७/- भुक्तानी लिएको देखिन्छ । कार्यालयले सोही मितिमा विद्युत पोल जिन्सी दाखिला समेत गरेकोमा विद्युत पोलहरुको प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको परीक्षण गरी प्रतिवेदन (पोष्ट डेलिभरी इन्स्पेक्सन रिपोर्ट) पेश गरेको देखिएन ।

४० **उपभोक्ताको काम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४१ **चन्दननाथ आधारभूत विद्यालय कोठा मर्मत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ ख) बमोजिम निर्माण कार्यको सम्झौता शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल भुक्तानी गर्नुपर्दछ । पालिकाले चन्दननाथ आधारभूत विद्यालयको कोठा मर्मत वापत रु.१,००,०००/- भुक्तानी गरेकोमा नापजाँच नगरी भुक्तानी गरेको छ । प्राविधिक नाँपजाँच बेगर भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,००,०००

४२ **खरिद कारबाहीको अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

४३ **उपभोक्ता समितिको बिल भरपाई** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो। नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन। यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

४४ **प्राविधिक बिल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। साथै नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

४५ **आइटम वाइज योगदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ। अतः नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

४६ **वीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निर्माण सम्पन्न गराएको कुनै पनि निर्माण कार्यको विमा गराउको छैन । यसले गर्दा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अतः निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

४७ **धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम रिटेन्सन मनि वापत राखेको धरौटी रकम फिर्ता गर्दा सम्बन्धित निर्माण व्यवसायीले आन्तरिक राजस्व कार्यालयबाट मूअकर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले देहायका निर्माण व्यवसायीको धरौटी फिर्ता गरेकोमा आन्तरिक राजस्व कार्यालयमा कर विवरण बुझाइ मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेको देखिएन । मूल्य अभिबृद्धि कर समायोजन बेगर धरौटी फिर्ता गरेको नियमसम्मत नदेखिएको रु.

निर्माण व्यवसायी	फिर्ता रकम (रु.)
जोनजान ग्रुप इमपोर्ट एक्सपोर्ट प्रा लि	६६१८१४
राधिका सप्लायर्स	८४४३३६
विष्णु कन्स्ट्रक्सन	२२३९८५
अनिश निर्माण सेवा	५८५७८२
रेवन कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	६०००००
आशिष कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	६३१६६
जम्मा	**२९७९०८३**

प्रमाण पेश नगरेको	२९,७९,०८३

४८ **खार्पुनाथ शिवालय पर्यटन पूर्वाधार विकास योजना** - मिति २०८०/३/३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी धर्म एस ज्याङचुप जे.भि. सँग मिति २०७८/५/२२ मा रु. ४,७८,१५,२०१/- (मूअकर सहित) को खरिद सम्झौता भएकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

४८.१ **विमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था रहेकोमा यस निर्माण कार्यका लागी निर्माण व्यवसायीले बिमा गराएको देखिएन । निर्माण कार्यको बिमा नगराउँदा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अतः निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

४८. २ **न्यून प्रगती -** खार्पुनाथ शिवालय पर्यटन पूर्वाधार विकास योजनाको सम्झौताको म्याद २०८० असार मसान्तमा समाप्त भएको छ । गत वर्ष रु. ८८,८१,५६६/- र यो वर्ष रु. ३९,९९,९९९/- को काम सम्पन्न गरी हालसम्म जम्मा रु. १,२८,८१,५६५/- भुक्तानी भएको छ । सम्झौताको म्याद शतप्रतिशत समाप्त हुँदा सम्म निर्माण कार्य ३२.४३ प्रतिशतमात्र सम्पन्न भएको देखिन्छ । लेखापरीक्षण अवधिसम्म सम्झौताको म्याद थप समेत भएको छैन । खरिद सम्झौताको म्याद थप गरी समयमै निर्माण कार्य सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

४९ **बढी दररेट भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने सिलसिलामा प्रयोग हुने सामग्री, ज्याला र उपकरणको दर निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दर प्रयोग गर्नु पर्ने र मालसामान स्थलगत रुपमा उपलब्ध हुने वा नहुने अध्ययन गरी निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय काठको काममा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दरमा प्रति बर्ग मिटर रु. ५,२९५.५० रोयल्टी थप गरी काठको दर प्रयोगमा ल्याएकोमा उपभोक्ता समितिहरुले काठको काम गर्दा रोयल्टी तिरेको देखिएन । उपभोक्ता समिति वा लाभग्राही समुदायले लागत अनुमानकै दरमा काम गर्ने र सोही अनुसार भुक्तानी लिने हुँदा बनलाई तिर्दै नतिरेको रोयल्टी उपभोक्ता समितिहरुलाई भुक्तानी दिएको देखियो । यसरी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.

भौ नं र मिति	कामको विवरण	ईकाइ	कामको परिमाण	प्रयोग भएको दर	हुनुपर्ने दर	बढी दर	बढी भुक्तानी
१५/२०७९/९/५	क्रियापल्ती घर निर्माण						
	Wood work	घमी	१.५८	५१४१६	४५८५५	५५६१	८७८६
१७/२०७९/९/६	कैलाश आधारभुत विद्यालय						
	Wood Beam work	घमी	०.८४	५१०६५	४३६५०	७४१५	६२२८
	Door Shutter	बमि	९	९४५७	९१७६	२८१	२५२९
१८/२०७९/९/६	गुम्बाधार गुरा माङु निर्माण						
	Wood work	घमी	१.११	४९२११	४३६५०	५५६१	६१७३
	Wood Eaves board work	बमि	०.६८	७४२	५९६	१४६	९९
४६/२०८०/२/२५	शेर बहादुर रावलको घर निर्माण						

	Wood work for wall plate	घमी	४.०४	५०९३१	४५३७०	५५६१	२२४६६
	Wood work for door frame	घमी	०.७	८७३६७	८१५४१	५८२६	४०७८
	Wood work for panel shutter	बमि	२२.७५	९६५२	९४४२	२१०	४७७७
५४/२०८०/३/१	**गोप्का सिम्बुनाथ मन्दिर निर्माण**						
	Wood work	घमी	३.९५	५८६४८	५३०८७	५५६१	२१९६६
	Wood Eaves board work	बमि	१६.११	९७८	८३२	१४६	२३५२
७१/२०८०/३/१३	**गैरा घर निर्माण**						
	Wood Work	घमी	२.७७	५८६४८	५३०८७	५५६१	१५४०४
	Wood Eaves board work	बमि	६.२५	९७८	८३२	१४६	९१२
८८/२०८०/३/१९	**लाली खोला जलविद्युत तथा पुल निर्माण**						
	Wood work	घमी	१.६	५६४४३	५०८८२	५५६१	८८९७
	Door Shutter	बमि	९	९४५७	९१७६	२८१	२५२९
जम्मा							**१०७१९६**

असुल गर्नुपर्ने	१,०७,१९६

५० **दोहोरो भत्ता** - भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ । इन्जिनियर मनोज शाहीले मासिक रु. १६ हजार फिल्ड भत्ता भुक्तानी लिएकोमा २०८० असार ५ देखी १२ सम्मको भ्रमण भत्ता वापत रु. ११,४४०/- भुक्तानी लिएको देखियो । फिल्ड भत्ता उपभोग गरेको अवधिको भ्रमण भत्ता असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	११,४४०

५१ **वडा अध्यक्ष सल्लाहकार** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका अध्यक्ष तथा उपाध्यक्ष एवं अन्य कुनै पनि पदाधिकारीले कुनै पनि प्रकारको सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । पालिकाले वडा नं ४ को वडा अध्यक्षको सल्लाहकारका रुपमा श्री नरकली टमटालाई नियुक्त गरी मासिक रु. १०,००० का दरले वार्षिक रु. १,००,०००।- भुक्तानी गरेको छ । कानून विपरित भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,००,०००

५२ **बिल भरपाई** - पालिकाको निम्नानुसारका कार्यमा खर्च प्रमाणित गर्ने बिल भरपाई संलग्न नरहेकोले भौचरसँग सम्बन्धित बिल भरपाई पेश गर्नुपर्ने रु.

भौभर नं र मिति	**शिर्षक**	**रकम**	**कैफियत**
३७।०७९।१२।१२	स्याउ खेति विस्तार अन्तर्गत कलमी स्याउको ३५०० गोटा खरिद	२६९५००	वितरणको भरपाई पेश नभएको
३९।०७९।१२।१६	दाते ओखर कलमि विरुवा ५०० गोटा, दाते ओखर कलमी विरुवा ५०० गोटा र विजु ओखर ५०० गोटा खरिद	४४६००	वितरणको भरपाई पेश नभएको
१०१।०८०।०३।२४	रोजगार सेवा केन्द्रको मसलन्द सामाग्री खरिद (कुर्सी १० थान, दराज१ थान, बेन्च ३ थान, टेबल १ थान समेत गरी ५ वडाको लागि सामाग्री हस्तान्तरण)	१८००००	बिल भरपाई तथा दाखिला प्रतिबेदन नभएको
जम्मा		**४९४१००**	

प्रमाण पेश नगरेको	४,९४,१००

५३ **सहकारी संस्था अनुदान** (५४-२०८०-१-१७)- पालिकाले सहकारी नेतृत्व विकास सम्बन्धी तालीम सञ्चालनका लागी दुध कुण्ड महिला विकास बहुउद्धेश्यीय सहकारीलाई रु. ३,८९,८९५/- भुक्तानी गरेकोमा सम्झौता र प्रशिक्षणका लागी सहभागी छनोटको आधार तथा व्यक्तिगत विवरण संलग्न रहेको देखिएन । भुक्तानी दिएको खर्च प्रमाणित हुने कागजात पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३,८९,८९५

५४ **बढी भुक्तानी** (१०१-२०८०-३-२४) - पालिकाले एम आइ एस अपरेटर वृष रावललाई रोजगार सेवा केन्द्रको मसलन्द सामाग्री खरिद, छपाई लगायतको कर्यक्रम संचालन गरी रु.४,४५,०००।- को पेश्की फछ्र्यौट गरेकोमा विल भरपाई रु.४,२४,०००।- को मात्र संलग्न रहेको देखिएकोले बिल भर्पाइ भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२१,०००

५५ **पारिश्रमिक कर** - आय कर ऐन, २०५८ को दफा ४ को अनुसूची १ (२) अनुसार बार्षिक आयमा कर गणना गरी भुक्तानी दिँदा कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत निम्नानुसारका कर्मचारीको पारिश्रमिक कर कट्टी नगरेकोले असूल गर्नुपर्ने रु.

कर्मचारीको नाम	**पद**	**वार्षिक आय**	**कर योग्य आय**	**जम्मा कर**
विशाल रोकाया	सूचना प्रविधि अधिकृत	७१४०७७	११४०७७	११४०८

विष्णु बहादुर शाही	प्र प्र अ	८०५७८८	२०५७८८	२११५८
मनोज शाही	इन्जिनियर	९२६४६१	३२६४६१	४१२००
दिपक बहादुर शाही	अधिकृत छैटौं	६८७५२२	८७५२२	८७५२
जम्मा रु.				८२५१८

असुल गर्नुपर्ने	८२,५१८

५६ **मूल्य अभिवृद्धि कर** (६-२०७९-८-१४) - मूल्य अभिबृद्धि कर नियमावली, २०५३ मा २०७६।२।१५ मा भएको एक्काइसौं संशोधनबाट थप भएको नियम ६ग मा ठेक्का वा करारअन्तर्गत वस्तु वा सेवा आपूर्तिबापतको मुल्य अभिवृद्धि कर भुक्तानी गर्दा मू.अ.कर रकमको ३० प्रतिशत कार्यालयबाट कट्टा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । भौ. नं. ६/२०७९/८/१४ बाट मान्धारा माध्यमिक विद्यालयको घेरावारा गर्ने कार्यका लागी निर्माण व्यवसायी वि वि कन्स्ट्रक्सनलाई रु. ५६७४०६/- भुक्तानी गर्दा ३० प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु. १९,५८३/- कट्टा गरी दाखिला नगरेको हुँदा उक्त निर्माण व्यवसायीबाट मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१९,५८३

५७ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकामा रहेका १७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	**विद्यालयकोनाम**	**शिक्षकदरबन्दी**	**पदपूर्ति**	**पदपूर्तिमध्येकरार**	**विद्यार्थीसंख्या**
१	माध्यमिक	५२	२६	२६	१५८९
२	आधारभूत	२६	१५	११	११५१
जम्मा		**७८**	**४१**	**३७**	**२७४०**

५८ **पाठ्यपुस्तक** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत अनुदान दिने व्यवस्था छ । पालिकाले उक्त व्यवस्थाको पालना नगरी एकमुष्ठ रु. १३ लाख ९५ हजार पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ । विद्यालयले विधार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई पेश गरेको छैन । समयमै पाठ्यपुस्तक वितरण गरे नगरेको सम्बन्धमा पालिकाले विद्यालयको नियमित अनुगमन गरी अधावधिक विवरण तयार गरी राख्नुपर्दछ ।

५९ **छात्रवृत्ति अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र कक्षा १-५ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.१०००, ६-८ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.१५०० दलित विद्यार्थीलाई रु. ४०० छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा पालिका अन्तर्गतका २५ वटा विद्यालयमा रु.२० ला ४० हजार छात्रवृत्ती रकम निकासा गरेको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन । अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गरी विद्यालयले छात्रावृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ ।

६० **प्रति विद्यार्थी अनुदान** - ✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०।११।३० को निर्णयबाट रु. ५,००० सम्परीक्षण गरिएको ।)***

६१ **कार्यसम्पादनमा आधारित अनुदान** - ✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०।११।३० को निर्णयबाट रु. ५७,००० सम्परीक्षण गरिएको ।)***

६२ **स्यानीटरी प्याड** - स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन) कार्यविधि),२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ४२३ जना रहेका छन। पालिकाले बाट महालक्ष्मी ट्रेड अर्डर सप्लायर्सबाट ७ हजारथान स्यानिटरी प्याड रु.४ लाख ५० हजार (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरेको उक्त स्यानिटरी प्याड विधालयलाई वितरण गरेको भरपाई पेश भएन । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

६३ **दिवा खाजा** - ✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०।११।३० को निर्णयबाट रु. १,६९,२०० सम्परीक्षण गरिएको ।)***

६४ **प्रोत्साहन भत्ता** (६२-२०८०-३-७) - कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालन तथा व्यवस्थापन शिर्षकबाट मिति २०७९।१०।२२-२४ सम्म वडा सर्वेक्षण, संचालन तथा व्यवस्थापन गरेवापत भ्रमण भत्ता र संचालन प्रोत्साहनका अतिरिक्त सर्वेक्षण प्रोत्साहन समेत भुक्तानी दिएको छ । भ्रमण भत्ता र सर्वेक्षण प्रोत्साहन भुक्तानी लिएको अवधिमा संचालन प्रोत्साहन भुक्तानी दिन मिल्दैन । संचालन प्रोत्साहन वापत भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

नाम	सर्वेक्षण प्रोत्साहन	भ्रमण खर्च	संचालन प्रोत्साहन
मिना पाण्डे	५०००	२९७०	९०००
विरसिँह रावल	५०००	२९७०	९०००

लक्ष्मी कु. डांगी	५०००	२९७०	९०००
हरिभक्त शाही	५०००	३९७०	९०००
मनराजा शाही	५०००	३९७०	९०००
जम्मा	२५०००	१६८५०	४५०००

असुल गर्नुपर्ने	४५,०००

६५ **स्वास्थ्य परीक्षण** - आर्थिक वर्ष ०७९।०८९ मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम अन्तर्गत ७८ वटा बाख्रा रु.१८,००० को दरले खरिद गरी ३९ जनालाई २ वटाको दरले वितरण गरेको छ । वडा बाट सिफारिस भएका ३३ जना लाई वितरण गर्नुपर्नेमा थप ६ जनालाई वितरण गरेको देखिएकोले पछिल्लो ६ जना वास्तविक किसान हुन भन्ने प्रमाणित हुने अवस्था छैन । वितरण गरिएका उक्त बाख्राको तौल तथा स्वास्थ्य अवस्था खुल्ने विवरण समेत समावेश छैन । पालिकाले पकेट क्षेत्र विस्तार गर्दा स्वस्थ पशु पालिका भित्र भित्र्याउन स्वास्थ्य परिक्षण तथा जोखिन न्युनिकरण गर्नको लागि लागत अनुमान मै विमा र स्वास्थ्य परिक्षणको व्यवस्था गरी सोहि अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ ।

६६ **प्रविधि हस्तान्तरण** (८१-२०८०-३-१९) - अभिमुखिकरण तालिम र सहभागीतामूलक ग्रामीण लेखाजोखाका लागि रु. ८१,५००/- भुक्तानी भएकोमा प्रविधि हस्तान्तरण वापत रु.२८,०००/- र ११ जनाले बैठक भत्ता वापत रु.१६,५००/- बुझेको भरपाई संलग्न राखेको देखिएन ।प्रविधि हस्तान्तरण र बैठक भत्ता वापतको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४४,५००

६७ **जलवायु सचेतना कार्यक्रम** (९४-२०८०-३-२३) - जलवायु सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्न प्रति वडा कार्यक्रम संचालन खर्च रु.१५,०००/- तथा पालिकामा कार्यक्रम संचालन गर्न रु.१,४८,०००/- समेत रु.८,९८,०००/- खर्च गर्ने गरी East face research and consulting Pvt. Ltd. सँग सम्झौता गरेकोमा कार्यक्रम संचालनको प्रमाणित प्रतिबेदन तथा माइन्युट संलग्न नगरी गाउँपालिका चालुबाट रु.१,३२,९८०/- र सशर्त अनुदानबाट रु.७,६७,०२०/- समेत गरी रु.९,००,०००/- खर्च लेखेको छ । कार्यक्रम संचालन भएको माइन्युट र कार्यक्रम संचालन भएको प्रमाणित प्रतिबेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,००,०००

६८ **लघुउद्यम परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८२ मा तालिम तथा गोष्ठी जस्ता सेवामा मात्र सेवा लिनु परेमा पाँच लाख रुपैया सम्म सार्वजनिक निकायको प्रमुख आफैले र सो भन्दा माथी २० लाख सम्मको हकमा एक तह माथीको अधिकारीको स्वीकृती लिइ प्रतिस्पर्धा सिमित नहुने गरी कम्तिमा ३ वटा प्रस्ताव प्राप्त गरी गुणस्तर र मुल्यलाई समेत यकिन गरी सोझै बार्तागरी खरिद गर्न सकिने व्यवस्था छ । गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम सिपविकास तालिम संचालन तथा स्तरोन्नती को क्रियाकलाप मिति २०८० असाढ १५ सम्म गरी संचालन गरेवापत कार्यालयले

रु.११ लाख भुक्तानी गर्ने गरी सेवा प्रदायक संस्था स्नोल्याण्ड एकिकृत विकास संस्था संग सोझै सम्झौता गरेको छ । सम्झौतामा कार्यक्रम प्रगति जेसिएमआईएसमा प्रविष्टि गरेपश्चातमात्र कार्यसम्पादन र परिमाणको आधारमा भुक्तानी गरिने उल्लेख छ । त्यस्तै सम्झौतामा कुन कुन तालिम संचालन गर्ने हो भन्ने खुल्दैन । कार्यालयको तर्फबाट कार्यक्रम अनुगमन प्रतिबेदन समेत संलग्न छैन । यसरी कार्यलयको जनशक्तिले नै संचालन गर्न सक्ने तालिम सोझै परामर्शदाताबाट संचालन गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१०,८१,५९६

६९ **विवरण अद्यावधिक** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउंपालिकाले समवन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ ।

७० **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(२) मा स्थानीय तहबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता रकम तोकिएको आर्थिक वर्षमा खर्च नभएमा वा लाभग्राहीको खातामा जम्मा हुन नसकेमा वा स्थानीय तहमा नगद मौज्दात भएमा आर्थिक वर्षको अन्त्यमा सो रकम संघिय संचित कोष दाखिला गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ताको लागि जम्मा रु. ४,३२,३०,०००/- बैंक मार्फत वितरण गरेको विवरण प्राप्त भएको छ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति
आर्थिक बर्षः २०७९/८०
कार्यालय र स्थान : खार्पुनाथ गाउँपालिका, हुम्ला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बिष्णु शाही	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	जय प्रकाश शाही	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,५१२,४१२	१,१८१,५९६	४,७८२,६६१	०	०	८९५,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					९,३७१,६६९
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					२३१,२००
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					९,१४०,४६९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२२८४०५१७.२२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२५४२५०९५२	चालु खर्च	२४३५३६४००.९८
प्रदेश सरकारबाट अनुदान	९६४५०५१७	पूँजीगत खर्च	१७०२५२६३७.३३
राजश्व बाँडफाँट	६१११३४७९.५२	वित्तीय/अन्य व्यवस्था	६८६६७०५३.९५
आन्तरिक आय	१०७६५८७.०		
अन्य आय	६१६६७९६६.१		
कुल आय	४७४५५९५०१.६२	कुल खर्च	४८२४५६०९२.२६
बाँकी मौज्दात		१४९४३९२६.५८	